**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ मई २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- **सर्वोच्च न्यायालयले वक्फ (संशोधन) ऐन, २०२५ को संवैधानिक वैधतासँग सम्बन्धित मामिलालाई यसै महिनाको १५ तारिखको लागि सूचीबद्ध गरेको छ।**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले पद्मश्री पुरस्कार विजेता केभी राबियाको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ ।**

- **साहित्यकार डाक्टर कमला तामांग शैली साहित्य पुरस्कार २०२५ द्वारा सम्मानित हुनु भएको छ।**

- **मकैबारी चिया बगानमा श्रमिकहरूको २०-सूत्रीय मागपत्रबारे प्रबन्धक पक्षसँग महत्वपूर्ण वार्ता सम्पन्न भएको छ।**

- **अन्तर क्रिकेट प्रतियोगिता तेस्रो संस्करणको फाइनल मिरिक को आहाले खेल मैदानमा सम्पन्न भएको छ।**

**<u>सर्वोच्च न्यायालय - वक्फ (संशोधन) अधिनियम 2025</u>**

सर्वोच्च न्यायालयले वक्फ (संशोधन) ऐन, २०२५ को संवैधानिक वैधतासँग सम्बन्धित मामिलालाई यसै महिनाको १५ तारिखको लागि सूचीबद्ध गरेको छ ।मुख्य न्यायाधीश सञ्जीव खन्ना, न्यायाधीश सञ्जय कुमार र केभी विश्वनाथनको पीठले उक्त अधिनियमको संवैधानिक वैधतालाई चुनौती दिने याचिकामाथि सुनुवाइ गरिरहेको थियो। सुनुवाइको क्रममा मुख्य न्यायाधीशले आफूले जवाफी हलफनामाको गहिरो अध्ययन नगरेको बताएका थिए। न्यायाधीश खन्नाले भारतका भावी मुख्य न्यायाधीश भूषण रामकृष्ण गवईको अध्यक्षतामा रहेको पीठ समक्ष यो मुद्दा पेश गर्ने बताउनु भएको छ । उहाँले न्यायाधीश गवईलाई यस विषयमा अध्ययन गर्न केही समय दिने बताउनु भएको छ। न्यायमूर्ति गवई यस महिनाको १४ तारिख भारतको नया मुख्य न्यायाधीश को रुपमा कार्याभार ग्रहण गर्नुहुनेछ।

**<u>उपरास्ट्रपति जगदीप धनखड़-</u>** <u>सतत विकास</u>

उपरास्ट्रपति जगदीप धनखड़ले सतत विकास राष्ट्रको मार्गदर्शक सिद्धान्त हुनुपर्ने कुरामा जोड दिनुभएको छ । कर्नाटकको उत्तर कन्नड जिल्लाको सिरसीस्थित फरेस्ट्री कलेजमा आज विद्यार्थीहरूलाई सम्बोधन गर्नुहुदै उहाँले विकास र पर्यावरण संरक्षणबीच सामञ्जस्यताको खाँचोमाथि जोड दिनुभयो। उहाँले "एक पेड माँ के नाम" अभियानको पनि प्रशंसा गर्नुभयो जसले डा. सुदेश धनखड़ र राज्यपाल थावर चन्द गहलोतको साथमा आफ्नी आमाको सम्झनामा वृक्षारोपण गर्नुभयो।

**<u>प्रधानमंत्री नरेन्द्र मोदी -केवी राबिया - निधन -शोक</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले पद्मश्री पुरस्कार विजेता केभी राबियाको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ -, 'केभी राबियाले साक्षरता सुधारका लागि गरेको अग्रगामी कार्य सधैं स्मरणीय रहनेछ। प्रधानमन्त्री श्री मोदीले आफ्नो साहस र दृढता, विशेष गरी पोलियो विरुद्ध लड्ने तरिका पनि निकै प्रेरणादायी रहेको बताउनु भएको छ ।

**सर्वोच्च न्यायालय**

सर्वोच्च न्यायालयले पहलगाममा भएको आतङ्कवादी आक्रमणलाई मध्यनजर गर्दै पर्यटकहरूको सुरक्षा सुनिश्चित गर्नको लागि केन्द्र अनि राज्यलाई निर्देश दिइनुपर्ने मागमा दर्ता याचिकामाथि सुनवाई गर्न अस्वीकार गरेको छ। सर्वोच्च न्यायालयले यस मामिलामा पब्लिसिटी हासिल गर्नको लागि याचिकाकर्ताहरूले एकपछि अर्को याचिका दर्ता गरिरहेको बताएका छन् । सर्वोच्च न्यायालयको नीतिलाई मध्यनजर गर्दै याचिकाकर्ताले आफ्नो उजुरी फिर्ता लिएका छन् । यसपूर्व पनि गत 1 मईमा सर्वोच्च न्यायालयले यसै मामिलालाई लिएर दर्ता याचिकामा याचिकाकर्तालाई हप्काएको थियो। सर्वोच्च न्यायालयले आंकवादसित सबै मिलेर लड्नुपर्ने बताएको छ ।

**भारतीय विशिष्ट पहचान प्राधिकरण-यूआईडीएआई**

भारतीय विशिष्ट पहचान प्राधिकरण- (यूआईडीएआई) ले नयाँ दिल्लीमा आयोजित राष्ट्रीय पात्रता सह प्रवेश परीक्षा- नीट (यूजी) २०२५ मा फेस अथेन्टिकेसनको प्रयोगमा प्रूफ अफ कन्सेप्ट (पीओसी) सफलतापूर्वक सम्पन्न गरेको छ । उक्त परीक्षा राष्ट्रीय परीक्षण एजेंसी (एनटीए)ले हिज आयोजना गरेको थियो । पीओसीको उद्देश्य देशको सबैभन्दा ठूलो प्रवेश परीक्षामा विद्यार्थीहरूको पहिचान प्रमाणित गर्ने आधारमा आधारित अनुहार प्रमाणीकरणको सम्भाव्यता र प्रभावकारिताको मूल्यांकन गर्नु रहेको थियो। राष्ट्रिय सूचना विज्ञान केन्द्र (एनआइसी) र एन टि ए को सहयोगमा उक्त कार्यक्रम आयोजना गरिएको हो । यो उन्नत बायोमेट्रिक तकनिकी प्रयोग गरेर परीक्षा सुरक्षा र उम्मेदवार प्रमाणीकरण प्रक्रिया बढाउने दिशामा एक महत्वपूर्ण कदम हो। पीओसीको समयमा दिल्लीका धेरै एनईईटी केन्द्रहरूमा आधार फेस अथेन्टिकेसन तकनिक प्रयोग गरिएको थियो। यसलाई एनआईसीको डिजिटल बुनियादी ढाचा र एनटीएको परीक्षा प्रोटोकलसँग एकीकृत गरिएको छ । यस पहलले आधार फेस अथेन्टिकेसनको क्षमतालाई ठूलो मात्रामा परीक्षाहरूमा पहिचान प्रमाणीकरणको लागि सुरक्षित र विद्यार्थी-अनुकूल समाधानको रूपमा पनि प्रदर्शित गर्यो।

**नेपाल -वेबसाइट ह्याक**

नेपाल पुलिसको आधिकारिक वेबसाइट ह्याक भएको छ। साइबर अपराधीहरूले 20 लाखभन्दा धेरै नागरिकहरूको डेटा चोरेका छन्। नागरिकहरूको संवेदनशील डेटा चोरी हुँदा सरकारको चिन्ता बढ़ेको छ।पुलिस प्रवक्ता अनुसार, के.ए.जेड.यू नाम गरेको ह्याकर समूहले उसको आधिकारिक वेबसाइटलाई ह्याक गरेको छ। पुलिसको प्राथमिक जाँचबाट थाहा लागेको छ कि सर्वरमा रहेका 20 लाख नागरिकहरूको डेटा चोरी गरिएको छ। ह्याकरहरूले यो डेटा डार्क वेबमा राखेका छन्। नेपाल पुलिसका केन्द्रिय प्रवक्ता डीआईजी दिनेश आचार्यले भन्नुभएको छ , डार्क वेबमा राखिएको नेपालको संवेदनशील डेटाको मूल्य ह्याकरहरूले सात हजार अमेरिकी डलर राखेका छन्।डार्क वेब पोस्टमा ह्याकर समूहले लेखेको छ, नेपाल पुलिसको केन्द्रिय डेटा पोर्टललाई लक्षित गरिएको छ। यस डेटामा एफआईआर, ट्रयाकिङ, नागरिकता प्रमाण पत्र, पासपोर्ट डिटेल्स, पर्सनल आइडेन्टीफिकेशन इनफोर्मेशन, अफिसर डिटेल्स आदि छन्। दाबी यी सबै डेटा 2025 का रहेको दाबी गरिएको छ ।

**मिरिक - डा॰ कमला तामाङ सम्मानित**

2587 औँ बुद्ध जयन्तीको अवसरमा 'शैली साहित्य समाज'नेपाल द्वारा आयोजित अन्तरराष्ट्रिय साहित्य सम्मान एवं कविगोष्ठी समारोहमा मिरिक की साहित्यकार डाक्टर कमला तामांग शैली साहित्य पुरस्कार २०२५ द्वारा सम्मानित भएकी छन 1 नेपाल प्रज्ञाप्रतिष्ठानका पूर्व सदस्यसचिव प्रा.जगत् प्रसाद उपाध्याय “प्रेक्षित”को प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम कार्यक्रम शैली साहित्य समाजकी अध्यक्ष मञ्जुश्री प्रधान के.सी. “रानू”को सभाध्यक्षतामा सम्पन्न बएको थियो 1 समारोहमा दार्जीलिङ मिरिककी नारी हस्ताक्षर डा॰ कमला तामाङलाई "शैली साहित्य सम्मान" प्रदान गरियो। यो सम्मान डाक्टर तामांगलाई उहाँको नेपाली भाषा साहित्यको सेवाको निम्ति दिएको योगदानको निम्ति प्रदान गरिएको हो। डा॰ कमला तामाङलाई यसभन्दा अघि पनि विभिन्न साहित्यिक संघ-संस्थाहरुले सम्मान र पुरस्कार आदिले सम्मानित गरिसकिएको छ।

**खरसाङ**

मकैबारी चिया बगानमा श्रमिकहरूको २०-सूत्रीय मागपत्रबारे प्रबन्धक पक्षसँग महत्वपूर्ण वार्ता सम्पन्न भएको छ l भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठन, हिल–तराई–डुवर्स प्लान्टेशन वर्कर्स युनियनको मकैबारी शाखाले आज मकैबारी चिया बगानका प्रबन्धक संजय दास, सह-प्रबन्धक तरुण लामा, कुमार राई र पेमा लामासँग वार्षिक मागपत्र सम्बन्धी सभा सम्पन्न गरेको जानकारी प्रात भएको छ ।चिया श्रमिकहरूको २०-सूत्रीय माग प्रस्तुत गरिएको यो सभा लगभग दुई घण्टासम्म चलेको थियो l अधिकांश मागहरू यसै वर्षभित्र कार्यान्वयन गर्ने प्रतिवद्धता प्रबन्धक पक्षले व्यक्त गरेका छन्।सभामा श्रमिक पक्षका तर्फबाट क्षेत्रीय सभासद कल्पना प्रधान, खरसाङ महकुमा समिति सभापति सागर गुरूङ, महासचिव भक्तिमान तामाङ, लगायत शाखा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**दार्जीलिंग -जिल्ला खेलकुद संघ**

जिल्ला खेलकुद संघले दार्जिलिङको लेबोङमा पाच औ एथलेटिक्स मिट 2025 सम्पन्न भएको जानकारी प्राप्त भएको छ l जिल्ला खेलकुद संघ फिजिकल एज्युकेशनका शिक्षकहरूदवारा स्थापित एक संघ हो l या कार्यक्रममा दार्जिलिङ, खर्साङ ,मिरिक ,जलपाईगुड़ी, नाम्चीका लगभग 12 सय स्कूल ,कलेज र क्लबहरूका बिधार्थीहरूले भाग लिएका थिए।अण्डर 12,14,16 बर्गका बालक बालिकाहरूलाई लिएर सम्पन्न उक्त स्पर्धामा रनिंगमा एक सय मिटर, सुई सय मिटर, चार सय मिटर, आठ मिटर, १५ सय मिटरको प्रतियोगिता आयोजना गरिएको थियो भने थ्रो स्पर्धा मा जैवलीन,सटपुट, डिस्कस थ्रो, लंग जम्प, हाइ जम्प आदि प्रतिस्पर्धा राखिएको थियो। श्रेष्ठ खेलाडीहरू चयन गर्ने उद्देश्य लिएर सम्पन्न भएको 5औ एथलेटिक्स मिटमा श्रेष्ठ एथलेटिक्सहरूमा राजीव राय,अभिजीत राय,हिमांशु पी राजखवा,समीर रहमान छनौट भए भने महिला एथलेटिक्सहरूमा आस्था भूषण,अभिषना राई,इमानुएल नरेओगा र सदिपती लिम्बु चयन भएकी छन।

**सिलगडी -ट्रेन -युवक -मृत्यु**

रेलको ठक्करबाट एक युवकको मृत्यु भएको छ । घटना आज दिउँसो सिलगडी नजिक चाँदमुनि महामाया कोलोनी नजिकै रेलवे लाइनमा भएको हो । स्थानीय सुत्र अनुसार एक युवक रेलको लाइन पार गर्दै थिए । त्यसपछि उनलाई सिलिगुडी जक्सनतर्फ आउँदै गरेको रेलले ठक्कर दियो । युवकको घटनास्थलमै मृत्यु भएको थियो । खबर प्राप्त हुनासाथ जंक्शन टाउन जीआरपीको टोली घटनास्थलमा पुगेको थियो र शवलाई उद्धार गरी पोष्टमार्टमका लागि उत्तर बङ्गाल मेडिकल एण्ड अस्पताल पठाईयो l समाचार लेखुन्जेल सम्म युवकको पहिचान हुन् सकेको थिएन l उक्त रेलमार्गमा गेट नहुँदा यस्ता दुर्घटना हुने गरेको स्थानीयवासीले बताएका छन्।

**मिरिक -अन्तर क्रिकेट प्रतियोगिता**

अन्तर क्रिकेट प्रतियोगिता तेस्रो संस्करणको फाइनल मिरिक को प्रसिद्ध आहाले खेल मैदानमा सम्पन्न भयो प्रतियोगितामा रेभेल पिसले मिरिकियन्ससँग प्रतिस्पर्धा गर्यो। टस जितेपछि, रेभेल पिसले पहिले ब्याटिङ गर्ने निर्णय गरेर २० ओभरमा ७ विकेट गुमाउदै २३४ रनको विशाल लक्ष्य राख्यो।जवाफमा, मिरिकियन्सले लक्ष्य पछयाउन संघर्ष गर्यो र १६.२ ओभरमा ९८ रनमा अलआउट भयो। प्रतियोगिताको फाइनलमा विजय बनेका रेभेल पिस का ,कप्तान रोहन गुरुङलाई उत्कृष्ट प्रदर्शनको लागि म्यान अफ द म्याच चयन गरियो । मिरिकियन्सका उज्जल राईलाई म्यान अफ द सिरिज चयन गरियो ।बिजेता तथा उपविजेता दललाई आकर्षक ट्रफी द्वारा पुरस्कृत गरिएको जानकारी प्राप्त भएको छ l

****** ० ******